
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ साउन ०३ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 19 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२१

## लाइसेन्सबाट १७ करोड राजस्व सङ्कलन

प्रस, परवानीपुर, २ साउन/

मधेस प्रदेश सरकार मातहतको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत यातायात व्यवस्था कार्यालय लाइसेन्स वीरगंज शाखाले गत आव २०७८/७९ मा रु १७ करोड १५ लाख ६२ हजार राजस्व सङ्कलन गरेको छ।


तस्वीरः प्रतीक

कार्यालयले गत आवको साउनमा एक करोड ३२ लाख ४८ हजार, भदौमा एक करोड आठ लाख ९५ हजार, असोजमा ८४ लाख ४७ हजार, कात्तिकमा ९६ लाख ४१ हजार, मङ्सिरमा एक करोड ४२ लाख ६७ हजार, पुसमा दुई करोड चार लाख ९० हजार, माघमा एक करोड ८० लाख २० हजार, फागुनमा एक करोड ९१ लाख ४२ हजार, चैतमा दुई करोड २४ लाख ५४ हजार, वैशाखमा एक करोड १३ लाख ७२ हजार, जेठमा ९८ लाख १५ हजार र असारमा एक करोड ३७ लाख ६६ हजार गरी कुल रु १७ करोड १५ लाख ६२ हजार राजस्व सङ्कलन गरेको छ।

जसमा नयाँ आवेदन शुल्कबापत रु दुई करोड २४ लाख १७ हजार, वर्ग थपबापत ९९ लाख ४० हजार, नयाँ लाइसेन्स शुल्कबापत तीन करोड ३० लाख ६४ हजार, दोस्रोपटक वर्ग थपबापत ६१ लाख नौ हजार, प्रतिलिपि दस्तुरबापत छ लाख ३० हजार, प्रतिलिपि तथा नवीकरण दस्तुरबापत ८९ लाख २१ हजार र लाइसेन्स नवीकरण शुल्कबापत नौ करोड चार लाख ७९ हजार गरी रु १७ करोड १५ लाख ६२ हजार राजस्व सङ्कलन भएको कार्यालय प्रमुख सुशील साहले जानकारी दिए।

यो कार्यालयले गत आव २०७७/७८ मा करीब १० करोड राजस्व सङ्कलन गरेको थियो भने सोभन्दा अघिल्लो आव २०७६/७७ मा जम्मा आठ करोड मात्र राजस्व सङ्कलन गरेको थियो।

**दश लाख लटसम्मको लाइसेन्स छापेर आइसक्यो**

यातायात व्यवस्था कार्यालय, लाइसेन्स शाखाले दश लाख लटसम्मको स्मार्ट लाइसेन्स छापेर वितरण कार्य शुरू भएको जनाएको छ।

कार्यालय प्रमुखले दश लाख लटभन्दा माथिका लाइसेन्स छाप्ने क्रममा रहेको र सोभन्दा मुनिका लाइसेन्स नम्बरको छपाइ कार्य सकेर वीरगंज वितरण शाखामा आएर वितरण भइरहेको जानकारी गराए।

स्मार्ट लाइसेन्सको छपाइ काठमाडौंबाट हुने भएकोले देशभरिका यातायात कार्यालयका लाइसेन्स छाप्न पर्याप्त मेशिन नहुँदा छपाइमा ढिलाइ हुने गरेको बताउँदै उनले पहिले एक वर्षपछि लाइसेन्स छाप्ने काम हुँदै गरेकामा पछिल्लो समय सोभन्दा कम समयमा लाइसेन्स छापेर आइरहेको बताए।

लाइसेन्स पाएका आवेदकहरूले लाइसेन्स (स्मार्ट कार्ड) नपाउँदासम्म बाटोमा चेकिङमा पर्दा ट्राफिकलाई लाइसेन्स पास गरेको रसीद देखाएर सवारीसाधन चलाउन पाउँछन्। वीरगंज शाखाको मात्रै दश हजारभन्दा बढी लाइसेन्स छाप्न बाँकी रहेको बुझिएको छ भने करीब पाँच हजार थान छापेर आएका लाइसेन्स वितरण भइरहेको छ।

## नयाँ पुस्ताको स्वाद फेरियो, खुल्न थाले सुविधासम्पन्न रेस्टुरेन्ट

राधेश्याम पटेल, २ साउन/

वीरगंजमा एक दशकअगाडि मिठाइपसलमा खूबै भीड लाग्थ्यो। मधेसी र मारवाडी समुदायको बढी बसोबासले शाकाहारी भोजनप्रति अधिकांशको ध्यान थियो। त्यतिबेला नाम चलेका मिठाइपसलहरूमा हिमाञ्चल केबिन, कान्छा स्वीट्स, पूजा, माखन, अनमोल, श्रीरामलगायत थिए।


तस्वीरः प्रतीक

तर अहिले वीरगंजमा मांसाहारी भोजनको परिकार पस्किने सुविधासम्पन्न रेस्टुरेन्ट र क्याफेहरू धमाधम सञ्चालनमा आइरहेका छन्। वीरगंजमा डग आउट, एस लन्ज, वन एलेभेन, माल्ट, डिलाइट गो, बिएनडीलगायतका रेस्टुरेन्ट सञ्चालनमा आइसकेका छन्।

वीरगंजमा पछिल्लो छ महीनामा थप तीनवटा सुविधासम्पन्न रेस्टुरेन्ट सञ्चालनमा आएका छन्। आदर्शनगरको आरबी कम्प्लेक्समा चिकेन स्टेशन र किड्स लन्ज तथा लाठ गलीमा द बर्गर हाउस खुलेका छन्। आकर्षक साजसज्जामा सञ्चालनमा आएका ती रेस्टुरेन्टमा ग्राहकले गीत–सङ्गीतको खूबै आनन्द लिन्छन्।

वीरगंजका छजना युवा उद्यमीले करीब दुई करोडको लगानीमा चिकेन स्टेशन खोलेका हुन्। गत असार ६ गते उद्घाटन भएको सो रेस्टुरेन्टमा शाकाहारी र मांसाहारी गरी दुईवटा भान्सा रहेको सञ्चालक प्रकाश गुप्ताले बताए। आरबी कम्प्लेक्सको छैटौं तला र छत गरी महीनाको रु एक लाख २० हजार भाडा तिरेर उक्त रेस्टुरेन्ट सञ्चालनमा आएको हो। अन्य दिन करीब दुई सय ग्राहकलाई सेवा दिइरहेको चिकेन हाउसले शुक्रवार, शनिवार र सार्वजनिक बिदाका दिन पाँच सय ग्राहकसम्मलाई सेवा दिने गरेको छ। रेस्टुरेन्टको आकर्षक लाइभ म्युजिक र ओपेन स्काइ डिनर रहेको छ।

यसैगरी, सोही भवनको पहिलो तलामा वीरगंजका व्यवसायी रोशन सर्राफले डेढ करोडको लगानीमा किड्स लन्ज सञ्चालनमा ल्याएका छन्। १९ जना कर्मचारीलाई रोजगार दिएको उक्त रेस्टुरेन्ट दिउँसो १ देखि राति १० बजेसम्म सञ्चालन हुन्छ। सो रेस्टुरेन्टले दैनिक तीन सय ग्राहकलाई शाकाहारी र मांसाहारी परिकारबाट सेवा दिइरहेको छ।

लाठ गलीमा गत असार २४ गते 'द बर्गर हाउस : क्रन्ची फ्राइड चिकेन' अत्याधुनिक डिजाइनमा सञ्चालनमा ल्याइएको यस रेस्टुरेन्टका सञ्चालकहरूले बताए। सर्लाहीकी रीताकुमारी ब्लोन (तामाङ)को एक करोड र वीरगंजका व्यवसायी वीरेन्द्र पटेल, राजु साहको एक करोड गरी दुई करोड लगानीमा सञ्चालनमा आएको यो रेस्टुरेन्टमा २९ जनाले रोजगार पाएका छन्।

उक्त रेस्टुरेन्टले बालबालिका र युवा पुस्तालाई आकर्षित गर्ने परिकारलाई महत्त्व दिएको छ। रेस्टुरेन्टलाई विभिन्न आकर्षक पेन्टिङले सजाइएको छ। सो रेस्टुरेन्टमा पनि दैनिक दुई सय ग्राहक पुगिरहेको सञ्चालक वीरेन्द्र पटेलले बताए।

## विद्युत् प्राधिकरण वीरगंजद्वारा पाँच अर्ब २५ करोड राजस्व सङ्कलन

प्रस, वीरगंज, २ साउन/

नेपाल विद्युत् प्राधिकरण, वितरण केन्द्र वीरगंजले गत आव २०७८/७९ मा पाँच अर्ब २५ करोड ८२ लाख ९२ हजार महसूल सङ्कलन गरेको छ। गत आवको साउनदेखि असारसम्म १२ महीनामा ५३ करोड ४४ लाख ५८ हजार युनिट बिक्री गरेर त्यति बराबरको महसूल सङ्कलन भएको वितरण केन्द्र वीरगंजका प्रमुख जीतेन्द्रकुमार झाले जानकारी दिए।


तस्वीरः प्रतीक

गत आवमा सङ्कलन भएको महसूल अघिल्लो आवभन्दा ३० प्रतिशतले बढी हो। अघिल्लो आव २०७७/७८ मा वितरण केन्द्र वीरगंजले ३७ करोड ३० लाख ९५ हजार युनिट बिक्री गरेर कुल तीन अर्ब ६७ करोड ६० लाख १४ हजार महसूल सङ्कलन गरेको थियो।

आव २०७७/७८ मा कोरोना महामारीका कारण केही महीना उद्योग सञ्चालन नहुँदा उक्त आवमा कम बिजुली बिक्री भएको थियो भने राजस्व पनि कम सङ्कलन भएको थियो। प्रमुख झाका अनुसार गत आवमा दुई हजार पाँच नयाँ ग्राहक थपिएको उनले बताए। अब वितरण केन्द्र वीरगंज मातहत महानगरपालिकाका ३२ वटा वडा, बाराको विश्रामपुर, प्रसौनी, परवानीपुर गाउँपालिका गरी कुल ५१ हजार २६५ ग्राहक छन्। जसमध्ये दुई हजार ७०० ग्राहक साना–ठूला उद्योग रहेका उनले बताए।

त्यसैगरी, आव २०७७/७८ भन्दा आव २०७८/७९ मा तीन प्रतिशतले विद्युत् चुहावट घटेको उनले बताए। गत आवमा विद्युत् चुहावट ४.२ प्रतिशत थियो भने सोभन्दा अघिल्लो आवमा सात प्रतिशतको हाराहारी थियो। तीन प्रतिशतले विद्युत् चुहावट रोकिंदा १६ करोड ५० लाख मूल्य बराबरको एक करोड ६५ लाख युनिट बिजुली बचत भएको छ।

विद्युत् चुहावट दुई प्रकारले हुन्छ। एउटा प्राविधिक र अर्को अप्राविधिक। दूरीको आधारमा एउटा तारबाट अर्को तार हुँदै चुहावट हुने बिजुलीलाई प्राविधिक भनिन्छ भने मिटर टेम्परिङ र हुकिङलाई अप्राविधिक भनिन्छ।

## पिकअप जीपबाट ठूलो परिमाणमा घरेलु मदिरा बरामद

प्रस, जीतपुर, २ साउन/

इलाका प्रहरी कार्यालय, सिमराले सोमवार बिहान सिमरा चोकमा चेकजाँच गर्दा पिकअप जीपबाट एक हजार २५ लिटर घरेलु मदिरा बरामद गरेको छ।

प्र२-०३-००१च०४७० नम्बरको पिकअपबाट एक हजार २५ लिटर घरेलु मदिरासहित चालकलाई पक्राउ गरी कारबाईको लागि प्रहरीलाई बुझाएको आन्तरिक राजस्व कार्यालय, सिमराका प्रमुख कर अधिकृत नारायणप्रसाद भण्डारीले बताए। घरेलु मदिरालाई प्लास्टिकको पाउचमा भरेर लगिरहेको अवस्थामा ४१ बोरा बरामद गरिएको प्रहरीले जनाएको छ।


तस्वीरः प्रतीक

बरामद मदिरा अन्तःशुल्क ऐन २०५८ बमोजिम बिगो सम्बन्धमा ब्रान्ड नखुलेको मदिरा मानेर ७० युपी मदिराको मूल्य बराबर कायम हुने अधिकृत भण्डारीले बताए। बरामद मदिराको बिगो करीब एक लाख ५० हजार कायम हुने र सो रकम मदिराधनी वा चालकले बेहोर्नुपर्ने अधिकृत भण्डारीले जानकारी गराए। उनले मदिराको बिगो बमोजिम जरिवाना वा एक वर्ष कैद वा दुवै सजाय हुने तथा सवारी चालकलाई रु १५ हजार जरिवाना र तीन महीनासम्म कैद वा दुवै सजाय हुने उनले बताए। मदिरा ढुवानी गर्ने सवारीसाधन जफत हुन सक्ने वा रु २५ हजार जरिवाना हुने अधिकृत भण्डारीले बताए।

## दुग्धेश्वर महादेव मन्दिरमा मेला शुरू

प्रमोद यादव, पचगावाँ, २ साउन/

पटेर्वासुगौली गाउँपालिका अन्तर्गत पर्सा राष्ट्रिय निकुञ्जभित्र पर्ने ऐतिहासिक दुग्धेश्वर महादेव मन्दिरमा भक्तजनले जल चढाउन शुरू गरेको छ।


तस्वीरः प्रतीक

साउनको पहिलो सोमवार आज सो क्षेत्रमा मेला भर्न नेपाल–भारतबाट दर्शनार्थीहरू आउने गरेका छन्। विभिन्न स्थानबाट जल भरेर बोलबम काँवरियाहरू दुग्धेश्वर महादेव मन्दिर रामभौरी भाठामा जल चढाउन बिहानै पुगेका थिए। मन्दिर वरपर क्षेत्रमा मेला पनि लागेको छ। मेलामा प्राकृतिक हराभरा, पहाड र विभिन्न जनावरहरू हेर्न सकिन्छ। यसैगरी मेलामा लगाइएको

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

तिम्रो जीवनको प्रत्येक दिन एउटा चमत्कार हुन्छ। तिमीलाई अर्को दिन पनि बाँच्ने अवसर हुन्छ र अनुभूति हुन्छ कि प्रकृतिले तिमीलाई जुन उपहार दिएको छ, जसको तिमी प्रशंसा गर र कृतज्ञ होऊ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# तिलावे पुल फेरि ढिला

पर्सा जिल्लाको वीरगंज महानगरपालिका–१९ मा पर्ने तिलावे पुल निर्माणको कार्य सात वर्ष बितिसक्दा पनि सम्पन्न हुन सकेको छैन। यो पुल निर्माणका लागि शुरूमा पप्पु/लुम्बिनी जेभीले २०७२ जेठ ७ गते रु सात करोड ७१ लाखको लागतमा कार्य सम्पन्न गर्ने गरी काम शुरू गरेको थियो। गएको जेठ ७ गते सात वर्ष पूरा भयो। सात वर्षमा सम्पन्न हुन नसकेको तिलावे पुल आगामी २०८० असार मसान्तसम्म कार्य सम्पन्न गरिसक्ने गरी वर्तमान सरकारले म्याद थप गरेको छ। तिलावे पुललगायत देशभर समयमा कार्य सम्पन्न हुन नसकेका निर्माण कार्यहरू यही असार मसान्तसम्म पूरा गर्नका लागि यसअघिको सरकारले समयसीमा दिएको थियो। तर अहिलेको सरकारले ठेकदारहरूले पेश गरेको कार्यसम्पादन सूची र म्याद थपको आग्रहलाई स्वीकार्दै गत जेठ २२ गतेको मन्त्रिपरिषद् बैठकले आगामी असार मसान्तसम्मको लागि म्याद थप गरेको हो। तिलावे पुल निर्माण ढिला भएपछि दुई ठेकेदारमध्ये पप्पु कन्स्ट्रक्शनले यसबाट हात झिकेको थियो। अहिले लुम्बिनी कन्स्ट्रक्शनले निर्माण कार्य गर्दै आएको छ। पछिल्लो समयमा तिलावे पुल निर्माण ढिला हुनुको कारण विद्युतीय पोल र जग्गाको मुआवजा थियो। अहिले पुल निर्माण कार्य अन्तिम चरणमा छ।

तिलावे पुलमा पहिले काठे पुल थियो। पर्सा जिल्लाको पद्मरोड भएर आवतजावत हुने यो पुलमा सडक विभागले फलामे पुल निर्माण गरेको थियो। तर पुलमा आवतजावत एकतर्फीरूपमा मात्र हुन्थ्यो र पछि सवारी चाप बढेपछि यस पुलले भार थेग्न नसक्दा बिहान र साँझ घण्टौं जाम लाग्थ्यो र अहिलेसम्म जारी छ। पक्की ढलान पुलको निर्माण कार्य शुरू भएको दुई वर्षमैं निर्माण कार्य सम्पन्न हुनुपर्नेमा सात वर्ष बितिसक्दा पनि निर्माण कार्य जारी छ। निर्माण कार्य शुरू हुँदा देशमा महाभूकम्प र त्यसपछि अघोषित नाकाबन्दीले कारण निर्माण कार्य प्रभावित भयो। त्यसपछि ठेकेदारले पुल निर्माण कार्यलाई गति दिन सकेन। तत्कालीन समयमा पुलको ठेक्का लिने पप्पु कन्स्ट्रक्शनका सञ्चालक हरिनारायण रौनियार २०७४ सालको संसदीय निर्वाचनमा पर्सा क्षेत्र नं ३ बाट सांसदमा निर्वाचित भए। सांसद भएपछि उनले ठेक्कापट्टामा गरेका ढिलासुस्तीबारेमा खोजखबर लिने हिम्मत स्थानीय प्रशासनले गर्न सकेन। त्यसपछि ठेक्कापट्टामा जालझेलकै कारण रौनियार सांसदबाट निलम्बित भए।

सर्लाही र रौतहटको बीचमा रहेको वाग्मती खोलामा उनले निर्माण आधा अधुरो छोडेको पक्की पुलमा डुङ्गा दुर्घटना भएर मानवीय क्षति भएपछि पप्पु कन्स्ट्रक्शनको विरुद्धमा सरकारले कडा कदम चाल्यो। स्थानीय प्रशासन पनि जिल्लामा आधा अधुरा निर्माण कार्य सम्पन्न गराउन जुर्मुरायो। चौतर्फी दबाब बढेपछि पप्पुले तिलावेबाट आफ्नो हात झिकेको हो। अहिले तिलावे पुलको काम अन्तिम अवस्थामा छ र यो आर्थिक वर्षमा कार्य सम्पन्न हुने विश्वास लिइएको छ। एउटा पुलको निर्माण सात वर्षमा पनि हुँदैन र त्यसमाथि सरकार नै ठेकेदार कम्पनीको मतियार बन्नु उचित होइन। ढिला हुनुको उचित कारण भए म्याद थप गर्न सकिन्छ। तर नेपालका अधिकांश ठेकेदार कम्पनीमा निर्माण कार्य झुलाएर राख्ने प्रवृत्ति छ। सो प्रवृत्ति खत्तम गर्न सरकारले चाहेमा एकछिन पनि समय लाग्दैन। निर्माण कार्यमा ढिलासुस्ती भएमा दण्ड, जरिवाना गर्ने र तोकिएको समयमा कार्य सम्पन्न गर्नैपर्ने बाध्यकारी अवस्था सिर्जना गर्न सकेको खण्डमा देशमा [redacted] मय लाग्ने थिएन।

# निजगढ अन्तर्राष्ट्रिय विमानस्थल द्रुत गतिमा निर्माण गरौं

स्वतन्त्र विचार



सुदर्शनराज पाण्डे

**निजगढ विमानस्थल राष्ट्रिय गौरवको आयोजना हो। यसको विकल्प खोज्नु भनेको राष्ट्रिय स्वार्थविपरीत र विकासविरोधी ठहर्छ। सरकारका नाममा सर्वोच्च अदालतले जारी गरेको परमादेश देश, काल, परिस्थिति अनुकूल बनाउन पुनर्विचार गर्न जरूरी छ।**

नेपाल सरकारले अनिवार्य आवश्यकता ठहर गरेर सन् २००५ मा विदेशी कम्पनी नेपिकोन र इराद जेभीले बारा जिल्लाको निजगढमा एक खर्ब २० अर्ब लगानीमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न विस्तृत अध्ययन गरेको थियो। आव २०७१/७२ मा विमानस्थल निर्माणका लागि आवश्यक पर्ने जग्गा अधिग्रहण गर्न बजेट विनियोजन गरियो। विमानस्थल निर्माण हुने क्षेत्रमा सरकारी वन जङ्गल र टाँगियाबस्ती पर्दछ। टाँगियाबस्ती अतिक्रमित वन क्षेत्र हो। त्यहाँ करीब २९३६ मतदाताको बसोवास छ। प्रस्तावित विमानस्थलको चार किल्ला छुट्याइएको छ। पाँच चरणमा निर्माण सम्पन्न हुनेगरी डिजाइन गरिएको थियो। विमानस्थलको पूर्वतयारीका लागि अहिलेसम्म ५ अर्ब खर्च भइसकेको छ। वातावरण प्रभाव मूल्याङ्कन क्यानले तयार गरेको थियो जसलाई १० जेठ २०७५ मा वन तथा वातावरण मन्त्रालयले स्वीकृत गरेको थियो।

वनजङ्गल (वातावरण)को क्षतिको दृष्टिकोणले विमानस्थल निर्माण गर्न उपयुक्त नहुने बेहोरासहित विमानस्थल निर्माणमा प्रतिबन्ध लगाउने मागसहित अदालतमा रीट पर्‍यो। विमानस्थल निर्माण नहोस् भनेर जताततै विवाद र विरोध शुरू भयो। सरकारले ठोस निर्णय लिन सकेन। विमाानस्थल निर्माण कार्य स्थगित रह्यो। १२ जेठ २०७९ मा निजगढ विमानस्थलसम्बन्धी सर्वोच्च अदालतको बहुमतले गरेको मुद्दाको फैसलासम्बन्धी पूर्ण पाठ असार १५ गते सार्वजनिक गरिएको छ। पूर्णपाठमा विमानस्थललाई निजगढ निषेधित गरिएको छैन। वातावरणीय अध्ययन, कानूनी विधि, जग्गाको क्षेत्रफल र प्राविधिक दृष्टिले उपयुक्त स्थानमा विमानस्थल निर्माण गर्न सर्वोच्चको आदेशमा भनिएको छ। आदेशमा कुनै पनि ठाउँ विशेषलाई बन्देज नगरिएकोले नयाँ ढङ्गबाट निजगढमा विमानस्थल निर्माण गर्न अति उपयुक्त देखिन्छ। अदालतको आदेशको सेरोफेरो सच्याउनुपर्ने सबै उपयुक्त कुरा सच्याएर निजगढ विमानस्थल निर्माण सञ्चालन गर्न नितान्त वाञ्छनीय देखिन्छ। निजगढ विमानस्थल निर्माण सम्बन्धमा अब उप्रान्त कहींकतैबाट कसैले विवाद, विरोध, पूर्वाग्रह राख्नु उपयुक्त देखिंदैन।

वातावरण क्षति हुन नदिनु योजनाको प्राथमिकता हुनुपर्दछ। वातावरणसहित, भ्रष्टाचाररहित भएर विगतमा छनोटमा परेको निजगढ विमानस्थल निर्माण गर्न सबै पक्ष सहमत हुनु जरूरी छ। वातावरण क्षति न्यून गर्ने कुरामा कसैको दुईमत हुने कुरै भएन। हरेक दृष्टिले निजगढबाहेक, विमाानस्थल निर्माणका लागि उपयुक्त स्थान शायद हुन नसक्ला, यसको विकल्प खोज्दै अनुपयुक्त स्थानको छनोट गर्न पुग्नु बुद्धिमानी ठहरिंदैन। सर्वोच्च अदालतका न्यायाधीशहरूले गरेको फैसलाको मूल आशय वातावरण संरक्षण नै हो। वातावरण संरक्षणको हकमा उनीहरूले गरेको फैसलाको स्वागत गर्दै उनीहरूलाई धन्यवाद दिनु मनासिब ठहर्छ। प्रस्तावित निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्तावित योजनालाई स्मार्ट र दिगो विमानस्थल बनाउने दृष्टिकोणले सच्याउनु प्रशस्त छ। प्रस्तावित योजनामा केही आवश्यक विषय, कुरा, बुँदा, कार्ययोजना थपघट गरेर तत्काल अदालतकै फैसलाको पवित्र भावना अनुरूप कार्यान्वयन गरे सबै पक्ष खुशी हुनेछन्।

अन्तर्राष्ट्रिय विमानस्थल अनिवार्य आवश्यकता हो। उपयुक्त स्थान निजगढ मात्र हुन सक्दछ। यसलाई विकल्पमा स्थानान्तरण गर्नु मूर्खता ठहर्छ। अब कसैले पनि बाऱ्ह बखेडा, तर्क, वितर्क, कुतर्क अघि नसारी विश्वमैं नमूना बन्ने खालको निजगढ विमाानस्थल द्रुतगतिले निर्माण गर्न अग्रसर हुनुपर्दछ। विमानस्थलका लागि आवश्यक सबै पूर्वाधार निजगढमा मात्र मिलेको छ। निजगढ विमानस्थल राष्ट्रिय गौरवको आयोजना हो। यसको विकल्प खोज्नु भनेको राष्ट्रिय स्वार्थविपरीत र विकासविरोधी ठहर्छ। सरकारका नाममा सर्वोच्च अदालतले जारी गरेको परमादेश देश, काल, परिस्थिति अनुकूल बनाउन पुनर्विचार गर्न जरूरी छ। विगतमा अन्य योजना, आयोजनामा झैं ढिलासुस्ती गरेर विकास रकमको लागत बढाएर भ्रष्टाचार गरेर प्रस्तावित दोस्रो विमानस्थल आयोजनालाई बिरूप बनाउनु राष्ट्रिय अपराध हो। निजगढ क्षेत्र वरपर बाँकी रहेको वनजङ्गलको अवस्था दिन परदिन नाजुक बन्दै गइरहेको छ। संरक्षण नीति एकदमै सन्तोषजनक छैन।

विमानस्थल निर्माण भएपछि वन वातावरण, पर्या पर्यटनलाई उत्कृष्ट र नमूनामय बनाएर राख्न सबैको सक्दो सहयोग जरूरी छ। यसतर्फ वातावरणाप्रेमी देशप्रेमी सबै सचेत र सजग बन्न सके निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणले सार्थकता हासिल गर्न सक्दछ। निजगढ, जीतपुरसिमरा बीचमा पर्ने दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलले यस क्षेत्रको पूर्वाधार विकासमा विशेष जोड दिनुपर्दछ। योजनाबद्ध विकास, दिगो विकास, जैविक विविधताको विकास, व्यवस्थित विकासको अवधारणालाई कायम राख्नुपर्दछ। कृषि क्षेत्र, औद्योगिक क्षेत्र, पर्यटन क्षेत्र, वातावरण क्षेत्र, बसोवास क्षेत्रलाई योजनाबद्ध ढङ्गले व्यवस्थित गर्नुपर्दछ। नदी कटान नियन्त्रणमा विशेष चासोका साथै चुरे संरक्षणलाई विशेष महत्त्व दिनुपर्दछ। सडक अतिक्रमण, वन अतिक्रमण, नहर अतिक्रमण गरी बसोवास गर्ने परिपाटीको पूर्णरूपमा निषेध गर्नुपर्दछ।

विमानस्थल क्षेत्र वरपरको दूधौरा खोला, लालबकैया खोला, बालगङ्गा खोलालाई पूर्ण स्वच्छ राख्नुपर्छ। प्रदूषित हुन दिनुहुँदैन। विमानस्थल क्षेत्र वरपर स्मार्टसिटी बनाउँदा विमानस्थलमा बाधा अवरोध हुन दिनुहुँदैन। भारतीय सीमा नजीकै रहेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय पक्षबाट पुग्न सक्ने बाधा–अवरोधप्रति बेलैमा सचेत भई पूर्व सतर्कता अँगाल्नुपर्दछ। निजगढमा विमानस्थल निर्माण नहोस् भनेर भारतले आन्तरिक विरोध र असहयोग गरिरहेको कुरा चर्चामा आएको छ। बेलैमा यस्ता सूचना, जानकारी सर्वसाधारण नेपाली जनतालाई पनि हुनुपर्दछ।

# डीप बोरिङ र खानेपानी टङ्की निर्माणले स्थानीयमा खुशी

प्रस, निजगढ, २ साउन/

निजगढ नगरपालिका–१० लालस्थित चुरेको फेदमा खानेपानी टङ्की निर्माण भएपछि स्थानीयहरूमा खुशी छाएको छ। त्यसमा पनि पानी निकाल्न डीप बोरिङ सफल भएपछि लालवासीमा झनै खुशी भएका छन्।

काम सम्पन्न गर्न ठेकेदार कम्पनीले ठेक्का सकार गरे पनि समयसीमाभित्र काम सम्पन्न गर्न नसक्दा विनियोजित रकममध्ये करीब ७८ लाख फ्रिज भएको थियो। आर्थिक वर्ष २०७९/८० मा पुनः रु ८३ लाख विनियोजन भएपछि कामले तीव्रता लिएको हो। पुनः शुरू गरिएका घर–घरमा धारामा पानी वितरण गर्नेगरी चार लाख ५० हजार लिटर क्षमताको सिमेन्टेड ढलान पानी टङ्की निर्माण सम्पन्न गरिएको छ। यहाँबाट पानी वितरणका लागि सात किलोमिटर प्लास्टिकको पोलिथिन पाइप विस्तार गरिएको उक्त संस्थाका सचिव कुमार



खानेपानीको लागि स्थानीयले भोग्नुपरेको पीडा र निर्माण गरिएको टङ्की। तस्वीरः जीतलाल श्रेष्ठ

कार्कीले जानकारी दिए। यस टङ्कीबाट १५ सय घरधुरीलाई खानेपानी उपलब्ध गराउन सकिने प्राविधिकले जनाएको उनले बताए। निजगढ–१० लालको उत्तर–पश्चिमतर्फको बस्तीमा ७/८ सय घरधुरी रहे पनि शुरूमा ३५० घरधुरीलाई पानी वितरण गरिने टिकुली खोला खानेपानी उपभोक्ता संस्था लालले जनाएको छ।

यसअघि स्थानीय राधाकृष्ण सामुदायिक वन उपभोक्ता समूहले भूमिगत पानी निकाल्न डीप बोरिङ गरे पनि सफल भएको थिएन। सङ्घीय सरकारबाट आर्थिक वर्ष २०७७/७८ मा रु एक करोड विनियोजन भएपनि सो आवमा करीब रु २० लाखको काम भएर बाँकी रकम फ्रिज भएको थियो। आव २०७८/७९ मा रु ८३ लाख विनियोजन भएपछि कामले गति लिएको टिकुली खोला खानेपानी उपभोक्ता संस्था, निजगढ–१० लालकी अध्यक्ष शर्मिला केसीले जानकारी दिइन्।

निजगढ नगरपालिकाले २०७८ वैशाखमा ठेक्का आह्वान गरेपछि रु ५८ लाखमा पानी टङ्की निर्माण, डीप बोरिङ र टङ्कीसम्म पानी लैजान पाइपलाइनको कामहरूमध्ये केही काम बाँकी रहेकाले टिकुली खोला खानेपानी उपभोक्ता संस्था लालले समयमा घर–घरमा पानी वितरण गर्न नसकेको संस्थाकी अध्यक्ष केसीले दुःखेसो पोखिन्। संस्थाको यस वर्षको वर्षायामअगावै पानी वितरण गर्ने योजना थियो। तर योजना अनुसारको थप कामले पछिल्लोपटक गति लिन नसकेको बताउँदै प्रयास भने जारी रहेको उनले बताइन्।

काभ्रेका सांसद शिवबहादुर देउजाको पहलमा यहाँ खानेपानीको लागि केपीशर्मा ओली सरकारको पालामा रकम विनियोजन भएको संस्थाकी अध्यक्ष केसीले जानकारी दिइन्।

खानेपानी अभावमा तत्कालीन रतनपुरी गाविस वडा नं ८ र ९ हाल निजगढ नपा–१० लालका स्थानीयका

स्थानीय समाजसेवी एवं स्थानीय राधाकृष्ण सामुदायिक वन उपभोक्ता समूहका पूर्वअध्यक्ष मीनराज रिमालले आफ्नो स्वामित्वमा रहेको जग्गामध्ये १५ धुर जमीन सो खानेपानी संस्थालाई टङ्कीलगायतका अन्य संरचना निर्माण गर्न निश्शुल्क प्रदान गरेका थिए। चुरे फेद र आसपासका लालवासीहरूमा वर्षौंदेखि खानेपानीको हाहाकार रहेको सो समस्याको दीर्घकालीन समाधानका लागि आफूले जग्गा निश्शुल्क उपलब्ध गराएको जग्गादाता रिमालको भनाइ छ। संस्थालाई आफ्नो स्वामित्वमा रहेको जग्गा दान गर्न पाउँदा आनन्दको अनुभूति भएको उनले बताए। "अब सबै लालवासीका घरआँगनमा चाँडै पानी वितरण भएको हेर्न मन छ," जग्गादाता रिमालले भने।

खानेपानी टङ्की निर्माण सम्पन्न गरी पानी वितरणको अन्तिम तयारीमा पुगे पनि यहाँ निर्माण गरिएको खानेपानी टङ्की माथिल्लो आसपासका एक दर्जन घरधुरीलाई भने हर्ष न बिस्मात भएको छ। घरआँगनअगाडि बडेमानको खानेपानी टङ्की बनेको छ। आफ्नो घरमा भने उक्त टङ्कीको पानी नचढ्ने भो? प्रभावित स्थानीयहरूले भने। चुरे पहाड अन्तर्गतको भिरालो र सम्म परेको जमीनमा सो टङ्की निर्माण भएपछि त्यसभन्दा माथिल्लो केही घरधुरीलाई पानी वितरण गर्न खानेपानी संस्थालाई कठिनाइ हुने देखिएको छ।

योजना नै यस्तै थियो। प्राविधिक नापनक्शा, इस्टिमेट अनुसार काम गरिएकोले पनि केही घरधुरीलाई समस्या हुन गएको खानेपानी संस्थाका पदाधिकारीहरूले महसूस गरेका छन्। ती घरहरूमा पानी वितरणको लागि विकल्प निकाल्नुपर्ने आवश्यकता खानेपानी संस्थालाई थपिएको छ।

छोरीज्वाइँको घर निजगढ नपा–१० लालमा भएको र छोरीज्वाइँको घरमा बस्दा खानेपानीको निकै दयनीय अवस्था देखेर नै काभ्रेका सांसद शिवबहादुर देउजाको पहलमा सङ्घीय बजेट पारिंदा अहिले लालवासीहरूमा खुशी छाएको स्थानीय समाजसेवी लालबहादुर कार्की

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# साउन महीनामा नेपाली नारी मेहदी र हरियो चुरा लगाउने “क्रेज” बढ्यो

धनुषा, २ साउन/रासस

साउन महीनाको पहिलो सोमवार। प्रायः महिलाका नाडी काँचका हरिया चुरामा सजिएको देखिन्छ। साउन लागेलगत्तै हिन्दू महिलामा छुट्टै उत्साह र उमङ्ग छाएको छ। रातो, पहेंलो र हरियो चुरापोते तथा कपडा महिलाको रोजाइमा परेको छ।

पछिल्ला वर्षमा किशोरीमा समेत मेहदी र हरियो चुरा लगाउने ‘क्रेज’ बढेको छ। ‘क्रेज’ बढ्नुलाई धार्मिक विश्वास तथा फेशनका रूपमा लिन



सकिन्छ। विशेषगरी साउनको सोमवार शिवजीको व्रत र पूजा गर्ने चलन छ। यद्यपि यस महीनाका सबै दिन उत्तिकै महत्त्वका साथ लिइन्छ।

जनकपुरधामकी स्थानीयवासी तथा नेपाल पत्रकार महासङ्घकी केन्द्रीय सदस्य रिङ्कु गायत्री मिश्र आफूले धार्मिक विश्वासका कारण चुरा लगाएको बताइन्। “साउनमा हरियो चुरा लगाउँदा चिताएको पुग्छ भन्छन्, मैले पनि लगाएँ,” मिश्रले भनिन्।

साउन महीना धार्मिक, सांस्कृतिक एवं प्राकृतिक दृष्टिकोणले महत्त्वपूर्ण भएकाले महीनाभरि आफू हरियो चुरा लगाउने मधेस प्रदेश चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डकी सदस्यसमेत रहेकी जनकपुरधामकी पुष्पा यादवको भनाइ छ। यादवले हरियो चुरासँगै मेहदीले हात सजाएकी छन्।

क्षीरेश्वरनाथ नगरपालिका महेन्द्रनगरकी सपना गिरीले साउने सङ्क्रान्तिका दिन परम्परादेखि चलिआएको लुतो फाल्ने चलन बिस्तारै हराउँदै गएको तर हरियो चुरा तथा मेहदी लगाउनेको सङ्ख्या चाहिं वर्षैपिच्छे बढ्दै गएको बताइन्। “परिवारमा भएका सदस्यका हत्केला र पाखुरामा मेहदी तथा चुरा देखेपछि सबैले रहरले लगाउने गरेका छन्,” उनले भनिन्, “घरैभरि सबैले लगाएका छन्, कसैको हात खाली छैन।”

कतिपयले हरियो चुरा लगाइसकेपछि फुटाउनुहुँदैन भनेर महीनाभर होशियारी अपनाउने गर्दछन्। साउनमा शृङ्गारका सामान अन्य महीनाको तुलनामा निकै बिक्री हुने व्यापारी बताउँछन्।

साउनको पहिलो दिनदेखि नै बजारमा रहेका शृङ्गार सामानका पसलमा चुरापोते, हरिया, राता, पहेंला वस्त्र खरीदकर्ताका भीड बढेसँगै व्यापार बढिरहेको व्यापारीको भनाइ छ। महेन्द्रनगरस्थित मीना शृङ्गारपसलकी प्रोप्राइटर मीनादेवी साहले मध्य असारदेखि नै हरियो चुराको बिक्री बढेको बताइन्।

यस महीनाको सोमवार शिवको मन्दिरमा पूजा गर्न जाने महिलाको घुइँचो हुने गर्छ। विशेषगरी विवाहित महिला यसमा सहभागी हुने र व्रत पनि बस्ने गर्छन्। महिलाले पतिको सुख, शान्ति र दीर्घायुको कामना गर्दै व्रत बस्ने गर्दछन्।

जनकपुर उपमहानगरपालिका भानुचोक बस्दै आएकी तुलसा भट्टराईले पनि साउन महीनाको पहिलो दिनदेखि नै हातमा हरियो चुरा, मेहदी र रातो कुर्ता सलवारमा सजिएर हिंड्ने र सोमवार व्रतसमेत बस्न थालेको बताइन्।

उनका पति वैदेशिक रोजगारको सिलसिलामा साउदी अरेबियामा छन्। पतिको दीर्घायुको कामना गर्दै साउने सोमवारमा व्रत बसेकी हुन्। उनले आफ्नी सानी छोरीलाई समेत हातभरि हरियो रङको चुरा र मेहदी लगाइदिएकी छन्।

साउन महीनामा घरायसी महिलादेखि कार्यालयमा काम गर्ने र ड्युटीमा खटिएका कतिपय महिला ट्राफिक प्रहरीसमेतले हरियो चुरा लगाएको देखिन्छ। हरियो चुरा, पोते लगाउने शास्त्रीय मान्यता नभए पनि यसको चलन बढ्दो छ।

हातमा हरियो, रातो र पहेंलो चुरा लगाएर शिवजीको पूजा गर्दा खुशी बढ्ने कतिपय महिला बताउँछन्। महिला आफ्नो पतिको सुस्वास्थ्यका लागि सोमवारको व्रत बस्ने विश्वास गरिन्छ। यो एउटा आस्था पनि हो। सबै हिन्दू नारीको साउन महीना चाड बन्न पुगेको छ।

कतिपयले यसलाई अनावश्यक तडकभडकका रूपमा पनि मनाउन थालेका छन्। नेपालमा मात्र नभएर विदेशमा पनि यो चलन फस्टाएको देखिन्छ। हिन्दू धर्म संस्कृति मान्ने महिलामा मात्र सीमित मेहदी र चुरा हिजोआज सबैजसो महिला र युवतीको रोजाइमा पर्छ।

“पहिले गाउँघरमा मेहदी पाइँदैन थियो। मेहदी लगाउने चलन पनि थिएन। महिलाले आँगन र बारी जताततै पाइने तिउरे फूलको पात हत्केलामा दल्थे। हिजोआज तिउरेको ठाउँ मेहदीले लिएको छ,” बर्दिबासकी महिला अधिकारकर्मी उर्मिला कार्कीले भनिन्।

साउनमा हरियो चुरा/मेहदी लगाउँदा आफ्नो घरमा राम्रो हुने तथा सर्पदंशबाट जोगिइने विश्वास छ। तर पछिल्लो समय धार्मिक आस्थाका आधारमा मात्र नभई देखासिकीका रूपमा पनि चुरा/मेहदी लगाइएको कतिपयको बुझाइ छ।

**के छ पौराणिक मान्यता ?**

पौराणिक मान्यता अनुसार साउन महीना शिवको महीनाका रूपमा लिइन्छ। पार्वतीले साउन महीनाभरि निराहार रही कठोर व्रत बसेर ‘भगवान् शिव’लाई प्राप्त गरेको प्राचीन विश्वासका आधारमा महिलाले यसलाई बढी महत्त्वका रूपमा लिने गर्छन्। साउनमा हरियो पहिरिंदा शिव खुशी हुने धार्मिक विश्वास छ। हरियो रङ प्रकृति, उर्वरता, बहुलता, सौभाग्य र सकारात्मक ऊर्जाको वृद्धिको प्रतीक रहेको पनि कतिपयको बुझाइ छ।

हरियो उपचारको रङ पनि हो, जो मुटसँग जोडिएको हुन्छ। उच्च रक्तचापको समस्याका लागि पनि हरियो राम्रो मानिन्छ। विवाहित जोडीको सुमधुर सम्बन्धमा पनि शयनकक्षको दक्षिण–पूर्वी हिस्सामा हरियो रङ लगाएमा दाम्पत्य जीवन सुखी हुन्छ भन्ने वास्तुशास्त्रमा उल्लेख गरिएको छ।

### यस कारण लगाइन्छ हरियो

शास्त्री नवीन प्रियदर्शीका अनुसार हरियो रङ सौभाग्यको प्रतीक हो। साउन महीना हरियालीको महीना पनि हो र यो महीना प्रकृतिसँग आफूलाई जोड्ने महीना पनि हो। यस महीनामा हरियो रङका कपडा लगाएर प्रकृतिसँग नजीकिने गरिएको हो। शास्त्रमा प्रकृतिलाई ईश्वरका रूपमा लिइन्छ। हरियो चुरा र साडी लगाएर नारीले प्रकृतिलाई विशेष पूजा गरेमा आफू र पतिको आयुसमेत बढ्ने धार्मिक विश्वास छ। संस्कृतिविद् तथा वरिष्ठ पत्रकार रामभरोस कापडी ‘भ्रमर’का अनुसार हरियोलाई प्रेमको, रातोलाई सौभाग्यको एवं पहेंलोलाई पवित्रताको प्रतीकका रूपमा लिइन्छ। हरियो रङ बुध ग्रहको समेत प्रतीक रहेको बताइन्छ। बुध ग्रह भविष्य तथा व्यापारसँग जोडिने धार्मिक मान्यता छ।



साउनको पहिलो सोमवार वीरगंजको अलखियामठ मन्दिरमा भगवान् शिवको पूजा आराधना गर्न भक्तजनहरूको घुइँचो। तस्वीरः नितेश कर्ण

# सङ्घई समूहद्वारा सिदार्थ माविलाई सवा करोड सहयोग

प्रस, वीरगंज, २ साउन/

वीरगजको ऋद्धिसिद्धि समूहले वीरगंजको सिद्धार्थ माविलाई सवा करोड रुपैयाँ सहयोग गरेको छ। ऋद्धिसिद्धि समूह अन्तर्गतका चारवटा उद्योगले सामाजिक उत्तरदायित्व अन्तर्गत छुट्टाछुट्टै सहयोग गरेका हुन्।

विद्यालयका प्रधानाध्यापक अनिल वर्णवाललाई समूहका वीरेन्द्र संघईले चेक हस्तान्तरण गरेका थिए। समूह अन्तर्गतका अन्नपूर्ण भेजिटेबल प्रोडक्ट, बाराले ५० लाख, शिवशक्ति उद्योग, बाराले ४५ लाख, महालक्ष्मी सोल्भेन्ट इन्डस्ट्रिजले २५ लाख र त्रिवेणी दाल एन्ड आयल इन्डस्ट्रिजले पाँच लाख गरी एक करोड २५ लाखको चेक विद्यालयको खातामा जम्मा हुनेगरी हस्तान्तरण गरिएको हो। विद्यालयको वृति विकास एवं स्तरोन्नतिका लागि सहयोग गरिएको हो।



सिद्धार्थ माविको विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका उद्योगी वीरेन्द्र संघईले आफ्नो कार्यकालमा विद्यालयको चौतर्फी विकासको लागि योजना बनाएका छन्। सोको लागि उनले आफ्नो समूह अन्तर्गतका उद्योगबाट आर्थिक सहयोग गर्न लगाएका हुन्।

कार्यक्रममा विव्यसका सदस्यहरू शिवशङ्कर पटेल, मधु राणा, रफिक अन्सारी, क्रान्ति देवी, देवलाल कुर्मीलगायतको सहभागितामा चेक हस्तान्तरण गरिएको थियो।

# मेघगर्जनसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना

काठमाडौं, २ साउन/रासस

देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघगर्जनसहित हल्कादेखि मध्यम वर्षा हुने मौसम विज्ञान विभागको कथन छ।

मनसुनी वायुको प्रभावले देशभर आंशिकदेखि सामान्य बदली भई देशका पहाडी भूभागका केही स्थानमा र बाँकी भूभागका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

हाल मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा दक्षिणातिर अवस्थित रहेको छ। पछिल्लो केही दिनयता देशभर गर्मी बढेको छ।

मनसुनको न्यूनचापीय रेखा औसत स्थानभन्दा दक्षिण क्षेत्र अर्थात् भारततर्फ सरेका कारण मनसुन ब्रेक भएकोले पानी नपर्दा तापक्रम वृद्धि भई गर्मी बढेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् हीरा भट्टराईले बताए। गत वर्षभन्दा यस वर्ष काठमाडौं उपत्यकासहितका पहाडी क्षेत्रमा बढी गर्मी महसूस भएको छ।



तस्वीरः फाइल

उनका अनुसार मङ्गलवारदेखि उक्त रेखा, माथि अर्थात् नेपालतिर सर्ने भएकोले बिस्तारै पानी पर्ने क्रम शुरू भई गर्मी कम हुनेछ। विभागका अनुसार राति देशभर आंशिकदेखि सामान्य बदली रही देशको पहाडी भूभागका केही स्थानमा र बाँकी भूभागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावनका साथै सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको समेत सम्भावना छ।

# १२ वर्ष मुनिका बालबालिकालाई कोरोनाविरुद्ध खोपको दोस्रो मात्रा

काठमाडौं, २ साउन/रासस

देशका २७ जिल्लाका पाँच वर्षदेखि १२ वर्षमुनिका बालबालिकाकालाई कोरोना भाइरसविरुद्ध खोपको दोस्रो मात्रा आजदेखि लगाइँदै छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गत असार ९ गतेदेखि १५ गतेसम्म खोप लगाएका बालबालिकालाई आजदेखि दोस्रो मात्रा लगाउन थालेको हो। ती जिल्लाका बालबालिकालाई खोप लगाउन विद्यालयमैं खोप केन्द्र स्थापना गरिएको छ। उनीहरूलाई कोरोना भाइरसविरुद्ध ‘फाइजर बायोएनटेक’ खोप लगाउन थालिएको हो।

दोस्रो मात्रा लगाउनका लागि पहिलो मात्रा लगाएको खोप कार्ड बोकेर जान भनिएको छ।

पहिलो मात्रा २१ लाख बालबालिकालाई लगाइएको थियो। स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले खोपको प्रभावकारिता ९१ प्रतिशत र सुरक्षित रहेकोले सबै बालबालिकालाई खोप लगाउन आग्रह गरे।

प्रदेश नं १ को झापा, इलाम, सुनसरी र मोरङ, मधेस प्रदेशको सप्तरी, सिराहा, धनुषा, महोत्तरी र पर्सा, वाग्मती प्रदेशको मकवानपुर, सिन्धुली, चितवन, काभ्रेपलाञ्चोक, काठमाडौं, भक्तपुर र ललितपुर छन्।

यस्तै गण्डकी प्रदेशको कास्की र नवलपरासी पूर्व, लुम्बिनी प्रदेशको नवलपरासी पश्चिम, रूपन्देही, दाङ, बाँके र बर्दिया, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको कैलाली, कञ्चनपुर र डडेल्धुराका बालबालिकालाई पनि कोरोना भाइरसविरुद्ध खोप लगाइँदै छ। खोप अभियान यही साउन ८ गतेसम्म सञ्चालन हुनेछ।

भदौ ५ गतेदेखि ११ गतेसम्म ५० जिल्लामा दोस्रो चरणको खोप लगाइने छ। पहिले खोप लगाएकालाई दोस्रो मात्रा भदौ २७ देखि असोज १ गतेसम्म लगाइने छ।

## सोमवार ४५७ कोरोना सङ्क्रमित

देशभर पछिल्लो २४ घण्टामा थप ४५७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ भने एकजनाको सङ्क्रमणका कारण मृत्यु भएको छ।

पछिल्लो २४ घण्टामा चार हजार ६५१ जनाको नमूना परीक्षण गरिएको थियो।

दुई हजार ३४१ जनाले पिसीआर र दुई हजार ३१० जनाको एन्टिजिन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। सो अवधिमा ४८ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। यससँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या नौ लाख ६८ हजार ६४ पुगेको छ। सङ्क्रमणमुक्त हुने दर ९८ दशमलव छ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा ९८ हजार ९०० ले कोभिडविरुद्धको खोप लगाएका छन्। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार ७७६ रहेको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९५४ पुगेको छ। होम आइसोलेशनमा एक हजार ७०१, संस्थागत आइसोलेशनमा ७५, आइसियूमा १५ र भेन्टिलेटरमा एकजना सङ्क्रमित रहेका छन्।

# निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रिया अघि बढ्यो

काठमाडौं, २ साउन/रासस

सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रिया अघि बढाउने भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले निजगढ विमानस्थल अघि बढाउने निष्कर्ष निकाल्दै त्यसका लागि आवश्यक प्रक्रिया अघि बढाएको हो ।



तस्वीरः फाइल

निजगढ विमानस्थलका सम्बन्धमा सर्वोच्च अदालतको अन्तिम फैसलापछि निर्माण प्रक्रिया अघि बढाउन विज्ञ समिति गठन गरेर थप अध्ययन गरी उपयुक्त स्थानमा विमानस्थल बनाउने गरी अघि बढिने मन्त्रालयले जनाएको छ । उक्त विमानस्थल निर्माण अघि बढाउनका लागि प्राधिकरणको बोर्ड बैठकले विज्ञ समिति गठन गर्ने निर्णय गरेको छ । पर्यटन मन्त्रालयले केही दिनभित्रै मन्त्रिपरिषद्मा उक्त प्रस्ताव लगेर विभिन्न विज्ञहरूको समितिलाई पूर्णता दिइने र सो समितिको प्रतिवेदनका आधारमा विमानस्थल निर्माण अघि बढाइने मन्त्रालयले जनाएको छ ।

सङ्घीय संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिको आजको बैठकमा पर्यटनमन्त्री जीवनराम श्रेष्ठले सर्वोच्च अदालतको फैसलाको सम्मान गर्दै विज्ञहरूबाट थप अध्ययन गरी कमभन्दा कम वातावरणीय क्षति हुने गरी निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिने बताए । उनले भने, "निजगढ विमानस्थल राष्ट्रिय गौरवको आयोजना भएको र नेपालको पर्यटन क्षेत्रको विकासका लागि अपरिहार्य आयोजना हो । यो देशको अर्थतन्त्रमा 'गेमचेन्जर' परियोजना भएकोले मन्त्रालयले उच्च प्राथमिकता दिएर सर्वोच्चको फैसला अनुरूप निर्माण प्रक्रिया अघि बढाएका हौं। फैसलाको विज्ञहरूबाट थप अध्ययन गराइ आवश्यक निर्णय लिन्छौं ।"

राष्ट्रिय गौरवको आयोजनाका रूपमा सूचीकृत निजगढ विमानस्थल निर्माणका लागि प्रारम्भिक चरणमा रु एक खर्ब २० अर्ब लाग्ने अनुमान गरिएको छ । प्राधिकरणले यो परियोजनाको विस्तृत डिजाइन कार्य गरिरहेको छ । राष्ट्रिय योजना आयोगका उपाध्यक्षाको संयोजकत्वमा निर्माण मोडालिटीसम्बन्धी सिफारिश समितिले आवश्यक काम गरिरहेको छ । हालसम्म निजगढ विमानस्थलको नाममा आठ हजार ५० हेक्टर जग्गा अधिग्रहण गरिनुका साथै परियोजनाका लागि प्राधिकरणले रु तीन अर्ब खर्च गरिसकेको छ। परियोजनासँग जोडिएको द्रुतमार्गमा सरकारले रु दुई खर्ब लगानी गरिसकेको छ ।

समितिकी सभापति पवित्रा निरौला (खरेल)ले नेपालको विकास र आर्थिक समृद्धिका लागि महत्त्वपूर्ण आयोजना निजगढ विमानस्थल निर्माण प्रक्रिया शीघ्ररूपमा अघि बढाइनुपर्ने बताइन् । उनले विगत २७ वर्षदेखि चर्चामा रहेको र धेरै विज्ञले उपयुक्त ठह्याएको निजगढ विमानस्थल निर्माणका लागि सर्वोच्चको पूर्ण फैसलालाई आत्मसात् गर्दै कानून, न्याय तथा संसदीय मामिला मन्त्रीसँग छलफल गरी समितिले आवश्यक निर्णय लिने जानकारी दिए ।

हालै प्रधानमन्त्री शेरबहादुर देउवासहित सत्तारूढ दलका शीर्ष नेताहरूले निजगढ विमानस्थलको स्थलगत अवलोकन गरी विमानस्थल निर्माण प्रक्रिया अघि बढाउन र दुई लेनको धावनमार्गसहितको अत्याधुनिक विमानस्थल निर्माण प्रक्रिया अघि बढाउन निर्देशन दिएका थिए ।

निजगढ विमानस्थलको कार्य प्रगति र आगामी योजनाबारे सङ्घीय संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिले आज पर्यटनमन्त्री र प्राधिकरणका महानिर्देशकसँग निजगढ विमानस्थलको अवस्था र अबको कार्यदिशाबारे जानकारी लिएको हो । बैठकमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले निजगढ विमानस्थल निर्माणका लागि सर्वोच्च अदालतले बाटो खोलिदिएको भन्दै मन्त्रालय र मातहत निकायले अलमल नगरेर निर्माण प्रक्रिया अघि बढाउनुपर्ने धारणा राखे । उनले हालै प्रधानमन्त्रीसहित पूर्वप्रधानमन्त्रीलगायत नेताहरूले निजगढ विमानस्थलको अवलोकन गरी स्थानीय सरकार र सरोकारवालासँग छलफल गरेको तथा प्रधानमन्त्रीले दुई लेनसहितको विमानस्थल बनाउन निर्देशन दिइसकेकाले आयोजना अघि बढाउन विलम्ब गर्न नहुने उल्लेख गरे ।

प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले सर्वोच्च अदालतको अन्तिम फैसलाले निजगढ विमानस्थल निर्माणको हालसम्मको प्रक्रिया बदर गरेको र विज्ञ समिति गठन गरेर थप अध्ययन गरी उपयुक्त स्थानमा विमानस्थल बनाउन सन्देश दिएको जानकारी दिए। उनका अनुसार अदालतको आदेश अनुरूप प्राधिकरण बोर्ड बैठकले विज्ञ समिति गठन गर्ने निर्णय गरिसकेको छ। उक्त समितिमा रहने विज्ञहरूको नाम केही दिनभित्रै मन्त्रिपरिषद्मा पेश गरी समितिलाई पूर्णता दिइनेछ । उक्त समितिको अध्ययन प्रतिवेदनका आधारमा विमानस्थलको आगामी रणनीति तयार गरिने महानिर्देशक अधिकारीको भनाइ छ।

सो अवसरमा समितिका सभापति निरौलाले समितिले यसअघि गरेका निर्णय कार्यान्वयनका लागि पर्यटनमन्त्री श्रेष्ठलाई हस्तान्तरण गरेका थिए। उनले निजगढ विमानस्थल सम्बन्धमा समिति गठन भएपश्चात् पाँचजना पर्यटनमन्त्रीले नेतृत्व गरेर विमानस्थल बनाउने प्रतिबद्धता जनाएको तथा समितिले दुईवटा उपसमिति बनाएर स्थलगत अवलोकन गरेर प्रतिवेदन मन्त्रालयलाई बुझाएको जानकारी गराए ।

सांसदहरू भीमबहादुर रावल, सुरेन्द्रकुमार कार्की, देवप्रकाश तिमल्सिना, चाँदतारा शेख, पुष्पाकुमारी कर्ण कायस्थ, दीपकप्रकाश भट्ट, मोहन बानियाँ र रेणुका गुरुङले सबै हिसाबले उपयुक्त निजगढमा अत्याधुनिक सुविधायुक्त विमानस्थल निर्माण प्रक्रिया चाँडो अघि बढाइनुपर्नेमा जोड दिए ।



**हावाको खेलौना**: वीरगंजको माईस्थानमा कुनै पनि चाडपर्वमा लाग्ने मेलामा बेलुन बेच्ने गरिन्छ। सस्तो, हलुको र बालबालिकाहरूलाई आकर्षित गर्ने बेलुन अभिभावकको पहिलो रोजाइमा पर्ने गर्छ। तस्वीरः पङ्कज श्रेष्ठ

# महोत्तरीको प्रसूति सेवा बन्द

जलेश्वर, २ साउन/रासस

महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरस्थित जिल्ला अस्पतालमा 'निक साइमन्स' संस्थाले प्रसूतिका लागि उपलब्ध गराउँदै आएको निश्शुल्क शल्यक्रिया सेवा सोमवारदेखि बन्द भएको छ । उक्त दातृ संस्थाले २०७० असोज महीनादेखि जलेश्वर अस्पतालमा प्रसूति हुने महिलाका लागि निश्शुल्क शल्यक्रिया सेवा दिंदै आएकोमा गत असार मसान्तदेखि सो कार्यक्रम सकिएकाले हिजोदेखि प्रसूति सेवा पनि बन्द भएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट एवं अस्पताल प्रमुख डा सतीश साहले बताए।



तस्वीरः सौजन्य

उक्त अस्पतालमा शल्यक्रिया गरेर बच्चा जन्माउने सुविधाको थालनी नै २०७० मा निक साइमन्स संस्थाले गरेको थियो भने अहिले सो संस्थाले कार्यक्रम सकेर गएपछि सो सेवा पनि बन्द भएको हो। निक साइमन्सले पाँचजना प्राविधिक (एमडिजिपी-एक, मेडिकल अफिसर-एक, एनेस्थेसिया असिस्टेन्ट-एक, स्टाफ नर्स-एक र बिएमइटी-एकजना)लाई पठाएर नौ वर्षसम्म जलेश्वर अस्पतालमा बच्चा जन्माउन आउने महिलालाई निश्शुल्क सिएस शल्यक्रिया गर्दै आएको थियो ।

यो सेवा यस अस्पतालको मुख्य सेवामध्ये एक थियो भने गरीब तथा जलेश्वर अस्पतालमाथि विश्वास गर्ने सम्पूर्ण व्यक्तिका लागि निकै उपयोगी साबित पनि भएको थियो तर आज यो सेवा बन्द भइसकेपछि त्यस्ता व्यक्तिलाई प्रसूतिको क्रममा गरिने शल्यक्रियाका लागि जलेश्वरबाहिर जानुपर्ने बाध्यता आएको उनले बताए । करीब एक दशकसम्म महोत्तरीका हजारौं महिलालाई प्रसूतिको क्रममा निश्शुल्क शल्यक्रिया गर्न/गराउनमा सक्रिय रहेकी निक साइमन्सकी स्टाफ नर्स चण्डिका अधिकारीले अब जलेश्वरलगायत वरपरका महिलालाई प्रसूतिको बेला पाउने निश्शुल्क शल्यक्रिया उपलब्ध नहुने भएपछि बच्चा जन्माउन पनि समस्या हुने बताइन् । उनले अब बाहिर जाँदा निजी अस्पतालमा रु एक लाखदेखि डेढ लाखसम्म खर्च हुने र सर्वसाधारणलाई आर्थिक समस्या पनि हुने बताइन् ।

दाता संस्थाले यहाँ निश्शुल्क शल्यक्रिया सेवा शुरू गरेदेखि प्रत्येक महीना औसतमा १५/२० जना महिलाको निश्शुल्क शल्यक्रिया गरेर बच्चा जन्माउन सेवा प्रदान गरिएको थियो भन्दै स्टाफ नर्स अधिकारीले अब यो सेवा बन्द भएपछि यहाँका गरीब, विपन्न महिला जटिल अवस्थामा कहाँ जाने र कसरी प्रसूति हुने भन्ने चिन्ता व्यक्त गरिन् । यस सम्बन्धमा मेसु डा साहले आफूले उक्त संस्थाको सेवा निरन्तर राख्न स्थानीय, प्रदेश तथा सङ्घीय सरकार, सरोकारवाला स्वास्थ्य निकायसँग कुरा गरे पनि यस संस्थाले निरन्तरता नपाउने भएको गुनासो गरे । उनले यसको विकल्पमा प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले चाँडै अस्थायी दरबन्दीसहितको ५० शय्याको व्यवस्था गरेर शल्यक्रियासहितको प्रसूति सेवा चालू गर्न आश्वासन दिएको जानकारी दिए । आजदेखि शल्यक्रिया सेवा बन्द भएपछि जलेश्वरवासीमा चिन्ता बढेको छ ।

## फरक समाचार

# विश्व श्रवण दिवस किन मनाइन्छ ?

जसरी मुस्कुराउने दिवस हुन्छ, माया गर्ने दिवस हुन्छ, मातापिता दिवस हुन्छ त्यसैगरी आज विश्व श्रवण दिवस हो । हरेक वर्ष १८ जुलाईका दिन वर्ल्ड लिसनिङ डे मनाइने गरिन्छ ।

यस दिवसलाई मनाउनुको उद्देश्य भनेको सुन्नु र सुन्ने अभ्यास गर्नु हो । यसको माध्यमबाट दुनियाँको संस्कृति, समाज, पर्यावरण र सभ्यतालाई बुझ्ने प्रयास गर्नु हो । यसको उद्देश्य मानव र प्रकृतिबीच मौजुद सम्बन्धलाई प्रगाढ गर्ने र त्यस सम्बन्धमा अन्तर्निहित तत्त्वलाई बुझ्ने हो । यो ध्वनिको अध्ययनको दिन हो ।




**इतिहासः** विश्व श्रवण दिवस १८ जुलाईमा क्यानडाका सङ्गीतकार र चर्चित पर्यावरणविद् रेमन्ड मरे शेफरको जन्मदिनको उपलक्ष्यमा मनाइन्छ। रेमन्डलाई ध्वनिक पारिस्थितिकीका संस्थापकको रूपमा हेरिन्छ । १८ जुलाई १९३३ मा उनको जन्म भएको थियो। ठूलो भएर उनले आफ्नै वर्ल्ड साउन्डस्केप प्रोजेक्ट विकसित गरे। जसले सन् १९७० को दशकमा ध्वनिक पारिस्थितिकीको मौलिक विचार र प्रथा अघि सार्‍यो र त्यसलाई लिएर समाजमा नयाँ ढङ्गको जागरूकता विकसित भयो ।


यो दिवस मनाउने शुरूआत सन् २०१० देखि भएको थियो । यसको मुख्य आकर्षण यसको थीम हो । जस्तै सन् २०१७ को एउटा थीम 'लिसनिङ टु द ग्राउन्ड' थियो। हामी जमीनमा हिंड्छौं, कहिले फूटपाथमा, पीच सडकमा वा खाली धरातलमा। हामी हिंड्दा एउटा आवाज आउँछ, के हामी त्यस आवाजलाई सुन्न सक्छौं, त्यसको सूक्ष्मतालाई बुझ्न सक्छौं, यदि हामीले त्यस आवाजलाई बुझ्यौं भने हुन सक्छ हामी आफ्नो लागि नयाँ धर्ती खोज्न सक्छौं। जहाँ यस्तै जीवन सम्भव हुन सक्छ ।

यो कुरा एकपटकमा बुझ्न सकिंदैन तर हामी पटक-पटक सुनेर यो बुझ्न सक्छौं कि कुरा कति गहिरो छ र यसको माध्यमबाट यो पनि बुझ्छौं विश्व श्रवण दिवसको महत्त्व कति गहिरो छ ।

**यसपटकको नारा-** 'लिसनिङ एक्रोस बाउन्ड्रीज' हो। यसबारे यो बताउन सकिन्छ कि प्राकृतिक ध्वनिहरूले मानव-निर्मित सीमालाई चिन्दैन। हामी वैज्ञानिक, चिकित्सक र सङ्गीतको उद्देश्यको साथ त्यससँग जोडिएको ज्ञानको सबै शाखामा सुन्ने भूमिका पत्ता लगाउनको लागि सबै सीमा पार जान सकौं, विनाबाधा सम्पूर्ण दुनियाँ र प्रकृतिलाई महसूस गर्न सकौं ।

# वाट र भोल्टमा के फरक छ ?

भोल्ट र वाटबीच एउटा ठूलो अन्तर यो छ कि भोल्ट सम्भावित अन्तर र इलेक्ट्रोमोटिभ बलको एसआई एकाइ हो, जबकि वाट शक्तिको एसआई एकाइलाई मापन गर्छ । भोल्ट र वाट दुवै एकअर्कासँग सम्बन्धित हुन्छ । भोल्ट आपूर्ति स्रोतहरू वा विद्युत् उपकरणको भोल्टेजको सम्भावित अन्तरलाई मापन गर्छ । भोल्टको प्रतीकात्मक निरूपण 'भी' हो। भोल्टमा लिइएको माप वाट्सको तुलनामा सजिलो हुन्छ किनभने वाट दुई मात्रा यानि भोल्टेज र करेन्टको गुणनफल हुन्छ । वाट र भोल्टमा केही महत्त्वपूर्ण अन्तर हुन्छ ।




वाट के हो ? जब एउटा एम्पियरको धारा एउटा भोल्टको विभवान्तरमा प्रवाहित हुन्छ तब जुन दरबाट विद्युत्ले कार्य गर्छ त्यसलाई वाट भनिन्छ ।

भोल्ट एक कुनाबाट अर्को कुनासम्म जाने इलेक्ट्रोनद्वारा उपयोग गरिने ऊर्जालाई मापन गर्छ। प्रतीकात्मकरूपले यसलाई अङ्ग्रेजीको ठूलो अक्षर 'भी' द्वारा दर्शाइन्छ। यसलाई विद्युत् उपकरणद्वारा मापन गरिन्छ जसलाई भोल्टमिटर भनिन्छ । भोल्टमा विभिन्न सबयुनिट हुन्छ जस्तै माइक्रो-भोल्ट, मिलिभोल्ट, किलोभोल्ट आदि ।

**भोल्ट के हो ? :** कुनै चालक तारको दुई टर्मिनलको भित्र विभवान्तरको मापलाई भोल्ट भनिन्छ । वाट शक्तिको एसआई एकाइ हो । यसलाई एक सेकेन्डमा उपकरणद्वारा उपयोग गरिने कुल ऊर्जाको रूपमा परिभाषित गरिन्छ।

एक वाटलाई एक भोल्टको सम्भावित अन्तरको माध्यमबाट प्रवाह गर्नको लागि वर्तमानको एक एम्पियरद्वारा आवश्यक ऊर्जाको रूपमा परिभाषित गरिएको छ। शक्ति भोल्टेज र करेन्टको उत्पाद हो, यसप्रकार वाटमा शक्ति मापनको लागि भोल्ट र एएमपी दुवै आवश्यक हुन्छ ।

# पार्थिव शिवलिङ्गको पूजा

साउन महीनामा शिवलिङ्गको पूजा-अभिषेक गरिन्छ। सनातन परम्परामा अलग-अलग प्रकारको शिवलिङ्गको पूजाको अलग-अलग फल बताइएको छ तर सबै प्रकारको शिवलिङ्गमा पार्थिव शिवलिङ्गको पूजालाई बढी महत्त्व दिइएको छ। शिवपुराण अनुसार साउन महीनामा पार्थिव शिवलिङ्गको पूजा गर्नाले व्यक्तिको जीवनमा समस्त कष्ट टाढा भएर सबै मनोरथ पूर्ण हुन्छ। अकाल मृत्युको भय हुँदैन, जीवन धनधान्य, सुख-समृद्धि सौभाग्य प्राप्ति हुन्छ र अन्त्यमा मोक्ष प्राप्त हुन्छ । मान्यता छ कि भगवान् श्रीरामले लङ्का जानुभन्दा पहिले भगवान् शिवको पार्थिव पूजा गरेका थिए। मान्यता छ कि कलियुगमा भगवान् शिवको पार्थिव पूजन कुष्माण्ड ऋषिका पुत्र मण्डपले गरेका थिए। त्यसपछि अहिलेसम्म पार्थिव पूजनको परम्परा चलिरहेको छ । शास्त्रमा वर्णित छ कि शनिदेवले आफ्नो पिता सूर्यदेवभन्दा बढी पराक्रम पाउनको लागि काशीमा पार्थिव शिवलिङ्ग स्थापना गरेर पूजा गरेका थिए ।



- प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा राष्ट्रपति निर्वाचनको मतदान शुरू



तस्वीरः एएफपी

नयाँ दिल्ली, २ साउन/एएफपी

भारतको संसद्मा सोमवार नयाँ राष्ट्रपति चयनका लागि मतदान शुरू भएको छ। सन्थाल जनजातिकी द्रौपदी मुर्मुलाई प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारूढ भारतीय जनता पार्टीले औपचारिकरूपमा राष्ट्रपति पदका लागि मनोनयन गरेको छ।

निर्वाचित भएमा उनी भारतको पहिलो आदिवासी राष्ट्रपति र दोस्रो महिला राष्ट्रपति हुनेछिन्। वर्तमान राष्ट्रपति रामनाथ कोविन्द दलित समुदायबाट राष्ट्रपति भएका हुन्।

६४ वर्षीया मुर्मु राजनीतिमा प्रवेश गर्नुअघि पूर्वी राज्यको उडिसास्थित एउटा विद्यालयमा शिक्षक थिइन्। उनले राज्य सरकारमा मन्त्री पदहरू सम्हालिसकेकी छन् र छिमेकी राज्य झारखण्डको गभर्नरको जिम्मेवारी पनि सम्हालिसकेकी छन्।

मुर्मुले 'आफ्नो जीवन समाजसेवा गर्न र गरीब, दलित र सीमान्तकृतको शक्तीकरणमा समर्पित गरेकी छन्'– भारतीय प्रधानमन्त्री मोदीले उनको उम्मेदवारी घोषणा गरेपछि ट्वीट गरेका थिए।

राष्ट्रपति पदका लागि मुर्मुका मुख्य प्रतिद्वन्द्वी अनुभवी राजनीतिज्ञ यशवन्त सिन्हा पूर्व भाजपा सदस्य र पूर्व वित्त तथा विदेशमन्त्री हुन्। उनलाई काङ्ग्रेसलगायत विपक्षी दलहरूले समर्थन गरेका छन्। उनी वर्तमान मोदी सरकारका आलोचक पनि हुन्। रासस

## श्रीलङ्कामा सङ्कटकाल घोषणा

कोलम्बो, २ साउन/सिन्ह्वा

श्रीलङ्कामा सङ्कटकाल घोषणा गरिएको छ। श्रीलङ्काका कार्यवाहक राष्ट्रपतिले सोमवार सङ्कटकाल घोषणा गरेका हुन्। उनले सोमवारदेखि लागू हुनेगरी श्रीलङ्कामा सङ्कटकाल घोषणा गरेको समाचारमा जनाइएको छ।

कार्यवाहक राष्ट्रपति रनिव विक्रमासिंघेले राष्ट्रिय सम्पत्तिको संरक्षण गर्न, नागरिकको जीवन रक्षा गर्न तथा यहाँका नागरिकका लागि अत्यावश्यकीय सेवा आपूर्ति गर्न सङ्कटकाल घोषणा गर्न आवश्यक रहेको बताएका थिए। सोहीबमोजिम राष्ट्रपति विक्रमासिंघेले सोमवार विशेष सूचना जारी गरी सोमवारदेखि नै लागू हुनेगरी देशव्यापी सङ्कटकाल घोषणा गरेका बताइएको छ।

उता श्रीलङ्काली संसद्ले भने जुलाई २० मा नयाँ राष्ट्रपति निर्वाचन गर्ने भएको छ। जुलाई २० मा संसद्ले नयाँ राष्ट्रपति निर्वाचन गर्न लागेको र त्यसका लागि मङ्गलवार उम्मेदवारी दर्ताको कार्यक्रम रहेको सभामुखले यस अघि नै जानकारी दिएका थिए।

पूर्व राष्ट्रपति गोटाबाया राजपाक्षे भागेर सिंगापुर पुगेका छन्। त्यसपछि कार्यवाहक राष्ट्रपतिमा प्रधानमन्त्री रनिल विक्रमासिंघे नियुक्त भएका हुन्।

श्रीलङ्का पछिल्लो समय आर्थिक सङ्कटमा फसेको छ। यसका साथै यहाँको राजनीतिक अस्थिरता बढ्दै गएको बताइएको छ। रासस

## इरानमा कोभिडको सातौं लहर आएको स्वास्थ्यमन्त्रीको भनाइ

तेहरान, २ साउन/सिन्ह्वा

इरानका स्वास्थ्यमन्त्रीले यहाँ कोभिड १९ महामारीको सातौं लहर आएको जानकारी दिएका छन्। इरानमा स्वास्थ्यमन्त्री बहराम एइनोल्लाहीले कोरोना महामारीको सातौं लहर शुरू भएको बताएका छन्।

आइतवार आयोजित पत्रकार सम्मेलनमा उनले देशमा कोरोना महामारीको सातौं लहर शुरू भएकोले थप सतर्क रहन आग्रह गरेका छन्।

उनले सबै इरानीलाई कोभिड खोपको बुस्टर मात्रा लिन र महामारीबाट बच्न स्वास्थ्यका आवश्यक मापदण्ड पालन गर्न आग्रह गरेका छन्।

स्वास्थ्यमन्त्री बहरामले आइतवार मात्र पाँच हजार ७०० भन्दा बढी नागरिकमा कोभिड सङ्क्रमण देखा परेको र आइतवार मात्र १३ जनाको ज्यान गएको बताएका छन्।

नयाँ सङ्क्रमितहरूमध्ये ६ सयभन्दा बढीलाई अस्पताल भर्ना गर्नुपरेको उनले जानकारी दिएका छन्।

इरानमा ७२ लाखभन्दा बढी मानिस सङ्क्रमित भएका छन् भने १ लाख ४१ हजारभन्दा बढीको ज्यान गएको छ। रासस

## सुडानको जातीय दङ्गामा परी ६५ जनाको मृत्यु

खार्तोम, २ साउन/सिन्ह्वा

सुडानको खार्तोममा भएको जातीय दङ्गामा परी मृत्यु हुनेको सङ्ख्या ६५ पुगेको बताइएको छ। सुडानको ब्लु नाइल प्रदेशमा भएको सो जातीय दङ्गाको घटनामा परी आइतवार बिहानसम्म मृत्यु हुनेको सङ्ख्या ६५ पुगेको यहाँको अल सुडान दैनिक पत्रिकाले जनाएको छ।

सुडानको ब्लु नाइल प्रदेशका केही ठाउँमा जातीय दङ्गा भएका छन्, ती घटनामा परी कम्तीमा पनि ६५ जनाको मृत्यु भएको उक्त दैनिक पत्रिकाले जानकारी दिएको छ। सो दङ्गामा परेर अरू दर्जनौं व्यक्ति घाइते पनि भएका यहाँका एक सुरक्षा समितिले जारी गरेको वक्तव्यमा जनाइएको छ।

झडपका क्रममा कैयौं पसल क्षतिग्रस्त भएका छन् भने केही घरमा आगजनी पनि गरिएको अधिकारीहरूले जानकारी दिएका छन्। आइतवारसम्म सुरक्षाकर्मीहरूले परिस्थिति नियन्त्रणमा लिइसकेको जनाएका छन् भने केही शङ्कास्पद व्यक्तिलाई पक्राउ पनि गरेका छन्।

सुरक्षा समितिले घटनास्थलमा कर्फ्यु आदेश जारी गरेको छ। कर्फ्यु लगाइएको क्षेत्रमा मानिसलाई आवतजावत र भिडभाड गर्न निषेध गरिएको छ। स्थानीय बेर्टी र हौसा जातीय समूहबीच झडप भएको प्रत्यक्षदर्शीहरूले बताएका छन्। उनीहरूले विभिन्न हतियार प्रयोग गरेका थिए।

अफ्रिकी मुलुक सुडानको पूर्वी क्षेत्रमा पर्ने ब्लु नाइल प्रदेश इथियोपियाको सीमा क्षेत्र हो। सुडानमा लामो समयदेखि विभिन्न आन्तरिक द्वन्द्व तथा राजनीतिक सङ्कट छ। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | बेचैनी | वृष | धनलाभ |
| मिथुन | सफलता | कर्कट | अलमल |
| सिंह | रोगभय | कन्या | यात्रालाभ |
| तुला | शत्रुपराजय | वृश्चिक | कार्यनाश |
| धनु | उदरपीडा | मकर | विजय |
| कुम्भ | धनखति | मीन | सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

व्यक्तिगत घटना जस्तै–जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता तथा सम्बन्धविच्छेद समयमैं सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।

वीरगंज महानगरपालिका कार्यालय

रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# यातायात सवारीद्वारा २८ करोड बढी राजस्व सङ्कलन

प्रस, परवानीपुर, २ साउन/

मधेस प्रदेश सरकार मातहत यातायात व्यवस्था कार्यालय सवारी शाखा वीरगंजले गत आवको १२ महीनामा एक अर्ब ४३ करोड ३३ लाख ६८ हजार राजस्व सङ्कलन गरेको छ जुन गत आवभन्दा २८ करोडभन्दा बढी हो।

आव २०७७/७८ मा एक अर्ब १५ करोड ९२ लाख ९२ हजार राजस्व सङ्कलन गरेको थियो भने आव २०७६/७७ मा ९८ करोड ९१ लाख ७६ हजार राजस्व सङ्कलन गरेको थियो। गत आवभन्दा अघिल्ला आवहरूमा कोरोना महामारीको असरले बाँकी रहेका दस्तुरहरू गत आव २०७८/७९ मा बुझाइएकाले २८ करोडभन्दा बढी राजस्व सङ्कलन भएको सवारी शाखा प्रमुख कुशेश्वर साहले बताए।

कार्यालयले गत आवको १२ महीनामा यातायात क्षेत्रको आम्दानी शीर्षकमा सात करोड ८६ लाख ७८ हजार, प्रशासनिक दण्ड, जरिवाना र जफततर्फ रु २६ हजार नौ सय, बेरुजू ८१ हजार र सवारीसाधन करबापत एक अर्ब १७ करोड सात लाख ४३ हजार र चालक अनुमतिपत्र, सवारी दर्ता किताब (ब्लुबूक)सम्बन्धी दस्तुरमा १८ करोड ३८ लाख ३८ हजार गरी कुल एक अर्ब ४३ करोड ३३ लाख ६८ हजार राजस्व सङ्कलन गरेको छ।



तस्वीरः प्रतीक

कार्यालयले असारमा जम्मा ७६ हजार मात्र राजस्व सङ्कलन गरेको छ भने जेठसम्म एक अर्ब ४३ करोड ३२ लाख १२ हजार राजस्व सङ्कलन गरेको थियो।

# पत्रकारको कलमले सपार्न र बिगार्न सक्छ– मुख्यमन्त्री गद्दी

प्रस, सिम्रौनगढ, २ साउन/

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबूराउत गद्दीले सञ्चारकर्मी समाजको ऐना भएको बताएका छन्। आइतवार कलैयामा आयोजित मधेस प्रदेश मिडिया अवार्ड्स कार्यक्रममा उनले समाजमा भइरहेको कमी–कमजोरीलाई समाजसमक्ष राख्नुपर्ने बताए।


तस्वीरःप्रतीक



मुख्यमन्त्री गद्दीले पत्रकारको कलमले कसैको जीवन सपार्न र कसैको बिगार्न सक्ने भएकोले सत्यतथ्यमा आधारित समाचार सम्प्रेषण गर्न आग्रह गरे। उनले सङ्घीयता समाप्त पार्ने खेल भइरहेको बताए। सङ्घीयताको माध्यमबाट आगामी १५ वर्षमा यहाँका प्रहरी कार्यालयमा मधेसी, जनजाति, दलित, गरीबहरूका छोराछोरीहरू प्रमुख पदमा आसीन हुने दाबी गरे। 'बेटी बचाऊ बेटी पढाऊ' अभियान अन्तर्गत एक जिल्लामा एक हजार छोरीलाई ल्यापटप दिने र यसै वर्षदेखि पत्रकारहरूको जीवनबीमा गरिने बताए।

नेपाल इन्स्टिच्युट मास कम्युनिकेशन प्रालिद्वारा आयोजित कार्यक्रममा प्रतीक दैनिकका सिम्रौनगढ संवाददाता रामेश्वर मेहता, बिबिसीकी संवाददाता माधुरी महतो, यात्रा डटकमका राम सर्राफ, संस्कार एफएमका अनिल गौरव, दिवाकर भण्डारी, नीलिमा पौडेल, सत्यप्रसाद श्रेष्ठ सम्मानित भएका थिए।

कम्युनिकेशनका अध्यक्ष आनन्द शर्माको अध्यक्षतामा भएको कार्यक्रममा मधेस प्रदेशका अर्थराज्यमन्त्री उषा यादव, पूर्वगृहराज्यमन्त्री महम्मद रिजवान अन्सारी, संविधानसभा सदस्य प्रमोद गुप्ता, आत्माराम साह, विधायक पारस साह, नेपाल पत्रकार महासङ्घ, बाराका उपाध्यक्ष रामबाबू मेहतालगायतले मन्तव्य राखेका थिए भने कार्यक्रमको सञ्चालन विवेक कर्णले गरेका थिए।

## लागू औषधसहित दुईजना पक्राउ

प्रस, वीरगंज, २ साउन/

वीरगंज महानगरपालिका वडा नं १४ गण्डक चोकमा जिल्ला प्रहरी कार्यालय, पर्साको अस्थायी प्रहरी पोस्ट गण्डकले चेकजाँचको क्रममा लागूऔषधसहित दुईजनालाई पक्राउ गरेको छ।



नियमित चेकजाँचको क्रममा टोलीले ना.८ख १२९४ नम्बरको सार्वजनिक बसलाई रोकी जाँच गर्दा जिल्ला बारा कलैया उमनपा वडा नं ११ बस्ने वर्ष २० को शमशेर अन्सारी र सोही ठाउँ निवासी वर्ष २० का रामविश्वास पासवानले बोकेको झोलाभित्र लागूऔषध विनसिरेक्स १५० बोतल र नाइट्रोभेट चार फाइलमा ६० ट्याब्लेट फेला पारेपछि नियन्त्रणमा लिएको थियो।

उनीहरूलाई लागूऔषध ओसारपोसारसम्बन्धी कसूरमा अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ।

## नहरमा पुरुषको शव भेटियो

प्रस, पोखरिया, २ साउन/

जगरनाथपुर गाउँपालिका–२ दशौतास्थित गण्डक नहरमा एकजना पुरुषको शव भेटिएको छ।

नेपाल–भारत दशगजा क्षेत्रमा अपरिचित व्यक्तिको शव भेटिएको प्रहरी चौकी जानकीटोलाका वरिष्ठ प्रहरी नायब निरीक्षक रञ्जन सिंहले जानकारी दिए। शवको सनाखत हुन नसकेको र पोस्टमार्टमको लागि नारायणी अस्पताल वीरगंज पठाइएको उनले जनाएका छन्।

### डीप बोरिङ र खानेपानी....

र वडाध्यक्ष आशाकाजी श्रेष्ठले बताए।

सरकारले स्वच्छ खानेपानीमा सबै नागरिकको सरल पहुँच, समान अधिकार भनेझैं यस कार्यमा नपुग थप आवश्यक बजेटका लागि सम्बन्धित निकायहरूमा दौडधूप गर्ने वडाध्यक्ष श्रेष्ठले भने।

लालस्थित चुरे फेदको चीसापानी बस्तीनजीकै करीब आठ वर्षअघि जिल्ला भूसंरक्षण कार्यालय, बारामार्फत पोखरी निर्माण सम्पन्न गरेको सो कार्यालयका तत्कालीन प्राविधिक अनिल सिन्हाले बताए।

चुरे फेदको उक्त पोखरीमा वर्षायामलगायत हिउँदमा पनि पानी सङ्कलित भएर आसपासका क्षेत्रमा चिस्यान भइरहेकाले त्यहाँ डीप बोरिङले सफलता पाएको अनुमान छ।

"चुरे फेद र भावर क्षेत्रमा डीप बोरिङ् अर्थात् भूमिगत पानी सफलतापूर्वक निकाल्ने कार्य कम चुनौतीपूर्ण र कम खर्चिलो काम होइन। वर्षौंअघि पोखरी निर्माणका कारण पानी सङ्कलित भइरहेकाले पनि अहिले सफलता मिलेको हुन सक्छ।

त्यसैले चुरेमा मात्र होइन, हरेक ठाउँमा पोखरी निर्माणले फाइदा नै पुग्ने देखिएको छ," राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन एकाइ भरतपुर चितवनका प्रमुख रामहरि पन्थ बताउँछन्।

राष्ट्रपति चुरे तराई–मधेस संरक्षण कार्यक्रम अन्तर्गत अन्य संरक्षणका कार्यसँगै पोखरी निर्माण, सिमसार संरक्षण, वृक्षारोपणलगायतका कार्यलाई उच्च प्राथमिकतामा राख्दै आइरहेको प्रमुख पन्थले बताए।

# वीरगंज भन्सारद्वारा दुई खर्ब चार अर्ब राजस्व सङ्कलन

प्रस, परवानीपुर, २ साउन/

वीरगंज भन्सार कार्यालयले गत आव २०७८/७९ को राजस्व लक्ष्य भेट्टाएको छ।



तस्वीरः फाइल

गत आवको साउनदेखि असार मसान्तसम्म कार्यालयले दुई खर्ब तीन अर्ब दुई करोड ५० लाख ३७ हजार राजस्व लक्ष्य पाएको थियो भने कार्यालयले दुई खर्ब चार अर्ब १२ करोड तीन लाख ९८ हजार राजस्व सङ्कलन गरेको छ। भन्सार कार्यालयले सङ्कलन गरेको राजस्व लक्ष्यभन्दा ०.५ प्रतिशत बढी हो।

कार्यालयले असार मसान्तमा १७ अर्ब ४० करोड ५५ लाख १८ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य पाएकोमा लक्ष्यको ८८.१ प्रतिशत अर्थात् १५ अर्ब ३३ करोड ३९ लाख ८७ हजार मात्र राजस्व सङ्कलन गरेको थियो।

त्यसैगरी, कार्यालयको तथ्याङ्क विश्लेषण गर्दा प्रतिदिन ५४ करोड ३९ लाख २२ हजार राजस्व सङ्कलन गर्नुपर्ने लक्ष्य रहेकोमा कार्यालयले औसतमा प्रतिदिन ४७ करोड ९१ लाख ८७ हजार राजस्व सङ्कलन गरेको बुझिएको छ।

वीरगंज भन्सार कार्यालयले गत आवको साउनमा १४ अर्ब ९२ करोड ७५ लाख पाँच हजार राजस्व लक्ष्य पाएकोमा ८९.४५ प्रतिशत अर्थात् १४ अर्ब ८४ करोड ५८ लाख २८ हजार, भदौमा १५ अर्ब ६० करोड ९४ लाख ३४ हजार लक्ष्य पाएकोमा १३.४३ बढी अर्थात् १७ अर्ब ७० करोड ५७ लाख ४६ हजार, असोजमा १७ अर्ब दुई करोड ७४ लाख ६७ हजार लक्ष्य पाएकोमा २०.५० प्रतिशत बढी अर्थात् २० अर्ब ५१ करोड ७७ लाख १३ हजार, कात्तिकमा १७ अर्ब ५४ करोड ९७ लाख ५९ हजार लक्ष्य पाएकोमा ९७ प्रतिशत अर्थात् १७ अर्ब ५ करोड २६ लाख ३३ हजार राजस्व सङ्कलन गरेको थियो।

त्यसैगरी, गत आवको दोस्रो चौमासिकको मङ्सिरमा १७ अर्ब ४९ करोड ८३ लाख ६४ हजार लक्ष्य पाएकोमा ६.१७ प्रतिशत बढी अर्थात् १८ अर्ब ५७ करोड ७२ लाख ८२ हजार, पुसमा १७ अर्ब ६० करोड ९० लाख ८ हजार लक्ष्य पाएकोमा ९७.७३ प्रतिशत अर्थात् १७ अर्ब २० करोड ९१ लाख ३४ हजार, माघमा १६ अर्ब ४९ करोड ४८ हजार लक्ष्य पाएकोमा ९५.९४ प्रतिशत अर्थात् १५ अर्ब ८२ करोड १ लाख ४२ हजार, फागुनमा १७ अर्ब ४४ करोड ९१ लाख ७७ हजार लक्ष्य पाएकोमा ९८.६९ प्रतिशत अर्थात् १७ अर्ब २२ करोड ९ लाख ८० हजार राजस्व सङ्कलन गरेको थियो।

त्यसैगरी, गत आवको अन्तिम चौमासिकको चैतमा १७ अर्ब ७७ करोड ६ लाख ६१ हजार लक्ष्य पाएकोमा ९२.४८ प्रतिशत अर्थात् १६ अर्ब ४३ करोड ३५ लाख एक हजार, वैशाखमा १६ अर्ब ९३ करोड १२ लाख ११ हजार लक्ष्य पाएकोमा ९०.४८ प्रतिशत अर्थात् १५ अर्ब ३८ करोड ९७ लाख १२ हजार राजस्व सङ्कलन गरेको थियो।

जेठमा १६ अर्ब ७५ करोड ६८ लाख ८५ हजार लक्ष्य पाएकोमा लक्ष्यभन्दा ७.९२ बढी अर्थात् १८ अर्ब ८ करोड ३७ लाख ४१ हजार, असारमा १७ अर्ब ४० करोड ५५ लाख १८ हजार लक्ष्य पाएकोमा ८८.१० प्रतिशत अर्थात् १५ अर्ब ३३ करोड ३९ लाख ४७ हजार राजस्व सङ्कलन गरेको प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले बताए।


वीरगंज भन्सारबाट मुख्यगरी पैठारी हुने वस्तुहरूमा पेट्रोल, भटमासको कच्चा तेल, एलपी ग्याँस, दन्तमञ्जन, प्लास्टिक कोटेड पेपर, प्लास्टिक दाना, जीप, कार, भ्यान, स्याम्पु, मोटरगाडीका पार्टपुर्जा, अर्गानिक डाइज र पिगमेन्ट, स्वास्थ्य उपकरण, फर्निश आयल, अन्य कपडा (उनी, सुती, टेरिकटनबाहेक), बिजुलीका स्वीच, प्लग, फ्युज, होल्डर आदि, हाते झोला, अन्य कोइला, धाराका सामान (भल्व, टुटी आदि), मेशिनरी पार्ट्स, नरियल, फूड सप्लिमेन्टलगायतका सामान बढी मात्रामा आयात भएको छ।


## विज्ञापन आचारसंहिताको पालना गरौं।

- विज्ञापन क्षेत्रलाई स्वच्छ, पारदर्शी, मर्यादित र प्रतिस्पर्धी बनाउन विज्ञापन आचारसंहिता जारी भएको छ।
- विज्ञापन आचारसंहिता विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमलाई लागू हुन्छ।
- विज्ञापन आचारसंहिता पालना गरौं र गराऔं।

**विज्ञापन व्यवसायलाई स्वच्छ र मर्यादित बनाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड





## लागूऔषधसहित युवक पक्राउ

प्रस, पोखरिया, २ साउन/

सशस्त्र प्रहरीले ठूलो परिमाणमा लागूऔषधसहित एकजना युवकलाई पक्राउ गरेको जनाएको छ। विन्ध्यवासिनी गाउँपालिका–५ परसौनी भाठाबाट सशस्त्र प्रहरीले पटेर्वासुगौली गापा–३ का मन्जीत महरालाई लागूऔषधसहित पक्राउ गरेको सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेलले जानकारी दिए।

भारतबाट बा.५२ प ६१४६ नम्बरको मोटरसाइकलमा आइरहेका महराको साथबाट लागूऔषध नाइट्रोभ्याट तीन सय पिस, डाइजेपाम र नुर्फिन ५१/५१ पिस र फेनारगन ४९ पिस बरामद भएको सशस्त्र प्रउ पोखरेलले बताए। पक्राउ परेका महरालाई जिल्ला प्रहरी कार्यालय, पर्सामा बुझाइएको उनले बताए।

## दुग्धेश्वर महादेव मन्दिर....

प्रतिपसल राष्ट्रिय निकुञ्जले रु २५ सयको दरले राजस्व लिने गरेको छ। सङ्कलित चन्दाबाट मेला र मन्दिरको व्यवस्थापन गरिने मेला समितिले जनाएको छ। सोमवार लाग्ने मेलामा करीब चार हजार दर्शनार्थी आउने अनुमान गरिएको छ।

# खेलकूदको संसार

## एशियन शारीरिक सुगठनमा नेपाललाई कांस्यपदक

काठमाडौं, २ साउन/रासस

नेपाली शारीरिक सुगठन खेलाडी राजु राईले माल्दिभ्समा आयोजना भइरहेको ५४औं एशियन शारीरिक सुगठन तथा फिजिक स्पोर्टस अन्तर्गत स्पाइडर म्यान प्रदर्शन तथा फिजिकतर्फ कांस्यपदक जितेका छन्।



राजुले १७० सेमीसम्मको समूहमा कांस्यपदक प्राप्त गरेको नेपाल शारीरिक सुगठन तथा फिजिकल फिटनेश सङ्घका उपाध्यक्ष एवं टीम व्यवस्थापक दिनेश राजभण्डारीले जानकारी दिए। उनका अनुसार उक्त विधामा विभिन्न २४ राष्ट्र सहभागी थिए।

त्यस्तै, सोही प्रतियोगिताका दौरान शारीरिक सुगठन खेलको विकासमा ठोस योगदान पुऱ्याएबापत विश्व शारीरिक सुगठन तथा फिजिकल फिटनेश महासङ्घले नेपाल शारीरिक सुगठन तथा फिजिकल फिटनेशका अध्यक्ष राजेशबाबू श्रेष्ठलाई 'डिस्टिङ्ग्विस्ड अवार्ड'ले सम्मान गरेको उपाध्यक्ष दिनेश राजभण्डारीले जानकारी दिए।

प्रतियोगितामा राजुसहित सुजिता मानन्धर र उमेश राईले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। सुजिताले आफ्नो फिजिक अन्तर्गतको विधामा प्रतिस्पर्धा गर्दैछिन्। यस्तै, उमेशले भने बुधवार प्रतिस्पर्धा गर्दैछन्। नेपालले आगामी सन् २०२३ मा ५५औं एशियन शारीरिक सुगठन तथा फिजिक स्पोर्ट्स आयोजना गर्नेछ।

## साफ च्याम्पियनशिप खेल्ने नेपाली फूटबल टोलीको घोषणा

काठमाडौं, २ साउन/रासस

भारतमा आयोजना हुने साफ यु–२० पुरुष च्याम्पियनशिपका लागि अखिल नेपाल फूटबल सङ्घले सोमवार २३ सदस्यीय नेपाली फूटबल टोली घोषणा गरेको छ।


च्याम्पियनशिपका लागि प्रशिक्षण लिंदै खेलाडी। तस्वीर सौजन्यः एन्फा

यही साउन ९ देखि २० गतेसम्म भारतको भुवनेश्वरमा आयोजना हुने उक्त च्याम्पियनशिपका लागि यु–२० का मुख्य प्रशिक्षक मेघराज केसीले ३० सदस्यीय खेलाडीबाट अन्तिम टोली छनोट गरेका हुन्। छनोट हुने खेलाडीमा गोलकीपर ईश्वर गुरुङ, उनेश चौधरी र जियारथ शेख छन्।

यसैगरी, डिफेन्डर अमर श्रेष्ठ, सोनित दाहाल, आयुश श्रेष्ठ, अजय चौधरी, सुमित श्रेष्ठ, सृजन धानी, रोशन थापा र अभिषेक वाइवा रहेका छन्। मिडफिल्डर दीपेश गुरुङ, आशिष राई, सन्दीप कार्की, जन्मेजय धामी, मोहित गुरुङ, कृतिषरत्न छुन्जु, सुगम सुवाल, मनग्य नकर्मी र आयुष घलान छन् भने फरवार्ड दीपेश राई, निरञ्जन मल्ल र रोहन खड्गी रहेका छन्।

उक्त प्रतियोगितामा आयोजक भारतसँगै नेपाल, बङ्गलादेश, माल्दिभ्स र श्रीलङ्का गरी पाँच टोलीको सहभागिता रहेको छ। नेपालले उक्त प्रतियोगिताको उद्घाटन खेलमा माल्दिभ्सको सामना गर्नेछ। उक्त खेल यही साउन ९ गते हुनेछ।

यसैगरी, नेपालले आफ्नो दोस्रो खेलमा साउन ११ गते श्रीलङ्काको सामना गर्नेछ भने तेस्रो साउन १५ गते आयोजक भारतसँग खेल्नेछ। त्यस्तै, साउन १७ गते बङ्गलादेशको सामना गर्नेछ। प्रतियोगितामा शीर्ष दुई स्थान हात पार्ने टोलीले फाइनल खेल्नेछन्।

## टी–ट्वान्टी लिग खेल्ने टोलीको नाम सार्वजनिक

काठमाडौं, २ साउन/रासस

नेपाल क्रिकेट सङ्घ (क्यान)को आयोजनामा पहिलोपटक हुन लागेको नेपाल टी–ट्वान्टी लिग खेल्ने चार टोलीको नाम र टीम मालिकको घोषणा भएको छ।

आगामी असोज ८ देखि कात्तिक ५ गतेसम्म आयोजना हुने उक्त प्रतियोगिताका लागि क्यानद्वारा सोमवार आयोजित



तस्वीरः रासस

कार्यक्रममा चार टीम र टीम मालिकको नाम सार्वजनिक गरिएको हो। प्रतियोगितामा कान्तिपुर क्यापिटल, लुम्बिनी अल स्टार्स, विराटनगर सुपर किङ्स र जनकपुर रोयल्सले प्रतिस्पर्धा गर्नेछन्। कान्तिपुरको टीम मालिकमा महेश्वर स्वाँर, लुम्बिनीको सञ्जय शर्मा, विराटनगरका विक्रम यादव र जनकपुरका गौरीशङ्कर धामनी रहेका छन्।

पहिलो संस्करणको उक्त प्रतियोगितामा ६ वटा टोलीले प्रतिस्पर्धा गर्ने क्यानले जनाएको छ। बाँकी दुई टीमको नाम र मालिक भने चाँडै सार्वजनिक गरिने क्यानका अध्यक्ष चतुरबहादुर चन्दले बताए। क्यानले आयोजना गर्न लागेको पहिलो फ्रेन्चाइज क्रिकेट प्रतियोगितालाई अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले मान्यतासमेत दिएको छ भने क्यानले उक्त प्रतियोगितालाई नेपालको आधिकारिक फ्रेन्चाइज लिग मानेको छ।

# ६ किलो गाँजासहित दुईजना पक्राउ



प्रमोद यादव, पचगावाँ, २ साउन/

छ किलो गाँजासहित दुईजनालाई सोमवार बिहान इलाका प्रहरी कार्यालय एकटाँगाले पक्राउ गरेको छ।

पर्सागढी नगरपालिका–८ हरपुरबाट आज बिहान ६ बजे इप्रका एकटाँगाले प्र.२–०३–०२० प ८८०० नं. मोटर साइकलमा सवार बहुदरमाई नपा–९ विश्रामपुर निवासी सुरेन्द्र पटेल र जवाहिर राउतलाई ६ किलो गाँजासहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेतले

